सिकाई क्षेत्र :
**व्यावहारिक समस्या समाधान**

# उषाकलाको गाईफारम




## तह ३

**नेपाल सरकार**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तो किएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ्य जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

के तपाइँले कहिले ऋण लिनुभएको छ ? अथवा अरू कसैलाई ऋण दिनुभएको छ ? त्यस्तो अवस्थामा ब्याजको हिसाब गर्न सके कारोबार गर्न सहज हुन्छ । सामान किन्दा वा बेच्दा पैसाको लेनदेन त भइहाल्छ । ऐकिक नियमका हिसाब जान्नाले किनबेचका लागि चाहिने पैसा साथै नाफानोक्सानको राम्रो हेक्का राख्न सकिन्छ । यस मोडुलको अध्ययनले तपाईंलाई ब्याज र ऐकिक नियमसम्बन्धी हिसाबका सिपहरू सिक्न मद्दत गर्नेछ ।

## सक्षमता

» दैनिक जीवनका गणितीय समस्याको तर्कपूणरूपमा सामाधान ।

## सिकाइ उपलब्धि

» साधारण ब्याज निकाल्न
» सावाँ, ब्याजदर, समय र ब्याजका बारेमा बुझेर उपयुक्त ऋणको छनोट गर्न,
» एउटा वस्तुको मूल्य थाहा भएमा उस्तै धेरै वस्तुको मूल्य पत्ता लगाउन,
» धेरै वस्तुको मूल्य थाहा भएमा उस्तै एउटा वस्तुको मूल्य पत्ता लगाउन,
» नाफा र नोक्सान निकाल्न/पत्ता लगाउन,

## पाठहरू

पाठ १: ऐकिक नियम

पाठ २: साधारण ब्याज

पाठ ३: नाफा र नोक्सान

## अब हेरौँ त तपाईँले कति जानिसक्नुभएको छ ?

## यस मोडुल अध्ययन गर्नुअगाडि निम्न प्रश्नहरूको उत्तर दिनुहोस् :

१) एकाइ वस्तुको मूल्य पत्ता लगाउने सूत्र
क) जम्मा मूल्य ÷ वस्तुहरूको सङ्ख्या
ख) एकाइ मूल्य ÷ वस्तुहरूको सङ्ख्या
ग) एकाइ मूल्य ÷ जम्मा मूल्य
घ) कुनै हैन

२) धेरै वस्तुको मूल्य पत्ता लगाउने सूत्र
क) जम्मा मूल्य × वस्तुको सङ्ख्या
ख) वस्तुको एकाइ मूल्य × वस्तुको सङ्ख्या
ग) वस्तुको एकाइ मूल्य × जम्मा मूल्य
घ) कुनै हैन

३) एउटा कलमको रु.१० पर्छ भने ५ ओटा कलमको कति पर्छ ?

४) रु.१०० को ५ ओटा कापी आउँछ भने एउटा कापीको मूल्य कति होला ?

५) साधारण ब्याज पत्ता लगाउने सूत्र

क) (सावाँ × ब्याजदर × समय) ÷ १००

ख) (सावाँ + ब्याजदर + समय) ÷ १००

ग) (सावाँ – ब्याजदर – समय) ÷ १००

घ) कुनै हैन

६) मिश्रधन पत्ता लगाउने सूत्र ?

क) सावाँ + ब्याजदर

ख) सावाँ + समय

ग) सावाँ + ब्याज

घ) सावाँ - ब्याज

७) साधारण ब्याजमा समयको हिसाब .................. मा गरिन्छ ।

क) दिन

ख) हप्ता

ग) महिना

घ) वर्ष

८) सावाँ रु.१०० , ब्याजदर १०% , समय १ वर्ष भए साधारण ब्याज कति होला ?

९) सावाँ रु.१०,००० र ब्याज रु. २,००० भए मिश्रधन कति होला ?

१०) नाफा पत्ता लगाउने सूत्र
क) क्रय मूल्य - विक्रय मूल्य
ख) विक्रय मूल्य - क्रय मूल्य
ग) विक्रय मूल्य + क्रय मूल्य
घ) कुनै हैन

११) नोक्सान पत्ता लगाउने सूत्र
क) क्रय मूल्य - विक्रय मूल्य
ख) विक्रय मूल्य - क्रय मूल्य
ग) विक्रय मूल्य + क्रय मूल्य
घ) कुनै हैन

१२) विक्रय मूल्य > क्रय मूल्य हुँदा नाफा वा नोक्सान हुन्छ ?

.................................................................................................

१३) विक्रय मूल्य < क्रय मूल्य हुँदा नाफा वा नोक्सान हुन्छ ?

.................................................................................................

तपाईं कोउत्तर कति मिल्यो ? सबै उत्तर सही भए धेरै राम्रो गर्नुभयो, तपाईंलाई बधाई छ । यसबाट थाहा हुन्छ कि तपाईंलाई यस मोडुलको धेरै जानकारी छ तर पनि तपाईं आफूले थाहा पाइसकेको विषयवस्तुको समीक्षा गर्न यो मोडुलको अध्ययन गर्न सक्नुहुन्छ । यसो गर्दा तपाईंले थप केही नयाँ कुरा सिक्न पनि सक्नुहुन्छ ।

यदि तपाईंका उत्तरहरू अधिकांश मिलेनन् भने पनि चिन्ता नगर्नुहोस् । वास्तवमा यो मोडुल तपाईंकै लागि तयार गरिएको हो । यसको अध्ययनले तपाईंलाई दैनिक जीवनमा कामलाग्ने निश्चित खालका हिसाब गर्न सक्ने ज्ञान, सिप, अवधारणा आदिका बारेमा जानकारी हुने छ । यसको अध्ययनले तपाईंलाई माथिका सबै प्रश्नहरू ठिकसँग उत्तर दिन र अन्य धेरै कुराहरू पनि जान्नबुझ्न मद्दत गर्ने छ । के तपाईं तयार हुनुहुन्छ ? अब हामी पाठ सुरु गरौं है त ।


kf7 १

# ऐकिक नियम

आइतराज मलेसिया गएर एक वर्षअघि नेपाल फर्किएका थिए । विदेश बसेर मिहिनेत गरी कमाएर ल्याएको पैसाले घरमै बसेर केही गर्न पाए हुन्थ्यो भनेर उनले आफ्नी श्रीमती उषाकलालाई सुनाए । उषाकलाले उनलाई एउटा गाईफर्म खोल्न सुझाइन् । उनीहरूले एक आपसमा सल्लाह गरेर गाईफर्म खोल्ने निधो गरे । उषाकलाले आइतराज  विदेश भएको समयमा पनि २ ओटा गाई पालेर दुध, दही, घ्यु आदि बेचेर घर खर्च धानेकी थिइन् । उनलाई गाईको स्याहार कसरी गर्ने भन्ने कुराको राम्रो ज्ञान थियो । त्यही ज्ञानको प्रयोग गर्दै उनीहरूलाई गाईफर्म चलाउन सकिन्छ भन्ने लाग्यो । अझ उनीहरूको छिमेकी काकीको छोरा लालबहादुरले भेटेनरीको पढाइ सकेर आई आफ्नो व्यवसाय सुरु गरेका थिए । गाईको स्याहारसुसार र बिरामी भयो भने औषधि उपचारका निम्ति लालबहादुरबाट सहयोग लिन सकिने भएपछि उनीहरू दुबैखुसी भए ।



श्रीमतीको प्रेरणाबाट गाई पालन सुरु गरेकाले आइतराजले गाईफर्मको नाम पनि उषाकलागाई फर्म राखी दर्ता गरेका छन् । अहिले उनीहरूको गाई फर्ममा १५ ओटा गाई छन् । प्रत्येकगाईका एक एक ओटा बाच्छाबाच्छी छन् । प्रत्येक गाईले एकपटकमा ४-५ लिटर दुध दिन्छ । बिहानको दुध नजिकैको डेरीले लैजान्छ भने साँझको दुधबाट उनीहरू दही घिउ र पनिर बनाएर बेच्छन् । यस पेसाबाट उनीहरूले मनग्गे फाइदा लिएकाछन् ।

उनीहरूले गाईको बिमा पनि गराएका छन् । उनीहरूले वार्षिक रूपमा एउटा गाईको रु ......... बिमालाई बुझाउँछन् । गाई बिरामी भयो वा मृत्यु भयो भने बिमाले क्षतिबापत रकम उपलब्ध गराउँछ । यसबाट उनीहरूलाई आर्थिक रूपमा आइपर्ने जोखिम कम हुन्छ ।




एउटा गाईको सरदर मूल्य रु ४०,००० छ ।




आइतराजले २ ओटा गाई किन्दा

**२ ओटा गाई किन्दा जम्मा रकम कति चाहिने होला त, ......................**

हो, एउटाको ४०,००० र अर्को गाईको ४०,००० गरी जम्मा रु ८०,००० चाहियो ।


अब, आइतराजले अर्को गाई थप्दा,


पहिलाको २ ओटा गाईको रु ८०,००० र नयाँ गाईको रु ४०,००० गरी जम्मा ............. चाहिन्छ ।

**माथिको उदाहरण हेर्दा, गाईको सङ्ख्या बढेसँगै गाई किन्नका लागि चाहिने पैसा पनि बढेको छ ।**

फेरि आइतराजले एउटा अर्को गाई थप्दा, जम्मा ....... ओटा गाई भयो । र गाई किन्नको लागि आइतराजले जम्मा ................ रुपियाँ खर्च गरेछन् ।



आइतराजले गाई थप्दै जादा फार्ममा जम्मा १५ ओटा गाई पुऱ्याएका रहेछन् । १५ ओटा गाई पुऱ्याउँदा आइतराजले जम्मा कति रकम खर्च गरे होलान्, निकालौँ त,



जम्मा मूल्य = वस्तुको एकाइ मूल्य × वस्तुको सङ्ख्या ।

कुनै एक एकाइ वस्तुको मान पत्ता लगाएर धेरै वा थोरै वस्तुको मान पत्ता लगाउने गणितीय विधिलाई ऐकिक नियम भनिन्छ। धेरै वस्तुको मूल्य पत्ता लगाउन एकाइ वस्तुको मूल्यलाई वस्तुको सङ्ख्याले गुणन गर्नुपर्छ उदाहरणका लागि :

एकाइ वस्तुको मूल्य पत्ता लगाउन वस्तुको जम्मा मूल्यलाई वस्तुको परिमाणले भाग गर्नुपर्छ।

*उदाहरणका लागि*

एकाइ मूल्य = जम्मा मूल्य ÷ वस्तुहरूको सङ्ख्या।

**खोज तथा साथीसँगको छलफलका लागि केही प्रश्नहरू :**

१. ऐकिक नियम भनेको के होला ?
२. एउटा वस्तुको मूल्य थाहा भएमा उस्तै धेरै वस्तुको मूल्य पत्ता लगाउने।
३. धेरै वस्तुको मूल्य थाहा भएमा एकाइ वस्तुको मूल्य पत्ता लगाउने।
४. वास्तविक जीवनमा यसको प्रयोग गर्नुभएको छ ?

शब्दावली : ऐकिक नियम, एकाइ वस्तु , एकाइ मूल्य

**आइतराज र उषाकलाको गाईफर्मको बारे पढिसकेपछि केही प्रश्नको उत्तर लेखौँ है त ?**

१. आइतराजले एउटा गाई सरदर रु. ४०,००० मा किनेर ल्याए भने उनले १५ ओटा गाई किन्न कति खर्च गरे होला ?

यहाँ, हेरौँ त,

एउटा गाईको सरदर मूल्य  रु ४०,००० पर्ने रहेछ।

र जम्मा गाईको सङ्ख्या १५ रहेछ। त्यसो भए सबै गाईको मूल्य कति होला हेरौँ है त।

जम्मा मूल्य = वस्तुको एकाइ मूल्य × वस्तुको सङ्ख्या।

जम्मा मूल्य = रु ४०,००० × १५

= रु ६,००,०००

**उनको फर्ममा ७ ओटा बाच्छा र ८ ओटा बाच्छी छन् । दुध थाकेपछि एउटा बाच्छाको सरदरमूल्य रु ४००० र एउटा बाच्छीको मूल्य रु ७००० पर्छ भने**

७ ओटा बाच्छाको मूल्य कति पर्छ होला ?

८ ओटा बाच्छीको मूल्य कति पर्छ होला ?

दुध थाकेपछि सबै बाच्छाबाच्छी विक्री गर्ने हो भने उनीहरूले कति रकम प्राप्त गर्छन् ?

यदि उनीहरूले एक दिनमा  एउटा गाईको ४ लि. दुध बेच्छन् भने एक दिनमा जम्मा कति लिटर दुध बेच्छन् ?

१ लि. दुधको मूल्य रु. ५० पर्छ भनेएक दिनमा उनीहरूले दुध बेचेर कति आम्दानी गर्छन्?

उनीहरूले सबै गाईको बिमा बापत वार्षिक रूपमा रू ......... तिर्छन् भने, एक महिनामा कति तिर्छन् ?

गाईहरूलाई एक महिनाको दानाबापत रु ......खर्च हुन्छ भने १ दिनमा कति खर्च हुने रहेछ ?

## र यो पनि उत्तर निकाल्ने प्रयास गरौं है त ।

### १ वर्षमा गाईको दुध बेचेर जम्मा कति आम्दानी हुने रहेछ त ?

उषाकलाले २ के.जी पनिर र ३ के.जी घ्यु रु. ४२०० मा बेचिछन् । यदि १ के.जी पनिरको मूल्य रु. ६०० पर्छ भने १ के.जी घ्युको मूल्य कति पर्ला ?

अब गणितीय भाषामा हेरौं है त ....

कुनै एउटा वस्तुको मूल्य दिइएको छ र त्यस्तै धेरै वस्तुको मूल्य निकाल्न हामीले ........ गर्नुपर्छ ।

जोड

घटाउ

गुणन

भाग

धेरै वस्तुको मूल्य दिएको छ र तीमध्ये एउटा वस्तुको मूल्य निकाल्नु पर्‍यो भने हामीले.......... गर्नुपर्छ ।

जोड

घटाउ

गुणन

भाग

## अब उषाकला गाई फर्मका निम्ति आधुनिक गोठ बनाउँदाको क्षणतिर फर्कौं है त ।

गाईको गोठ बनाउनका निम्ति कामदारहरूको आवश्यक पर्छ । उनीहरूले गोठ ३० दिनमा बनाइसक्ने गरी ६ जना कामदारहरूलाई जिम्मा दिएछन् तर गोठ बनाउने काम सुरु नहुँदै उनीहरूलाई गोठ त अझ चाँडो निर्माण गर्नु पर्छ भन्ने लागेछ । अब उनीहरूलाई उक्त गोठको निर्माण २० दिनमा सक्नुपर्‍यो भने कति जना कामदार थप्नु पर्ला त ?

एक छिन् सोच्नुहोस् त । कापीमा लेखेर पनि प्रयास गर्नुहोस् है । ............ल अब तपाईंले उत्तर निकाल्नुभयो भने धेरै राम्रो । उत्तर तल आए जस्तो आयो कि आएन जाँच्नुहोस् है त । आएन भने पनि ठिकै छ । हामी उत्तर निकालौं है त ।

## हामीलाई थाहा भएको कुरा सम्झौं है त ।

धेरै दिनमा गोठ बनाउने भए थोरै कामदार चाहिन्छ ।

थोरै दिनमा गोठ बनाउने भए धेरै कामदार चाहिन्छ ।

*ल त्यसो भए*

३० दिनमा गोठ बनाउन ६ जना कामदार चाहिन्छ । (त्यसो भए १ दिनमै उक्त गोठ बनाउने हो भने त धेरै कामदार चाहिने भयो ।)

१ दिनमा गोठ बनाउन ६ × ३० कामदार चाहिन्छ । (दिन कम हुँदा कामदार धेरै चाहिने भएकाले गुणन गर्ने) =१८०

२० दिनमा गोठ बनाउन १८०÷२० कामदार चाहिन्छ । (दिन धेरै हुँदा कामदार कम भए हुने भएकाले भाग गर्ने) = ९

त्यसैले २० दिनमा गोठ निर्माण गर्न ९ जना कामदार चाहिने रहेछ ।

**६ जना कामदार त सुरुमै लिएकाले अब कति जना थप्नुपर्यो त ?**

हो तपाईँले सही भन्नुभयो ।

९-६= ३ जना

## ल अब हामी यस्तै केही समस्याको हल गरौँ है त ।

**एउटा आधुनिक बाखाको खोर बनाउन ४ जना कामदारलाई १५ दिन लाग्छ । उक्त खोर १२ दिनमा बनाइसक्नुपर्‍यो भने कति जना कामदार थप्नुपर्ला ?**

## अब खाली ठाउँ भरौँ है त ।

**कुनै पनि वस्तुको सङ्ख्या र मूल्य तुलना गर्दा,**

वस्तुको सङ्ख्या बढ्यो भने मूल्य ..............................। (बढ्छ, घट्छ)

वस्तुको सङ्ख्या घट्यो भने मूल्य ..............................। (बढ्छ, घट्छ)

**कामदारको सङ्ख्या र समयको तुलना गर्दा,**

कामदारको सङ्ख्या बढ्यो भने काम सम्पन्न गर्न ......................... समय लाग्छ । (धेरै, थोरै)

कामदारको सङ्ख्या घट्यो भने काम सम्पन्न गर्न .......................... समय लाग्छ । (धेरै, थोरै)

ख) जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| **ऐकिक नियम** | | **वस्तुको एकाइ मूल्य × वस्तुको सङ्ख्या** |
| **एकाइ मूल्य पत्ता लगाउने सूत्र** | | **एकाइ वस्तु वा धेरै वस्तुको मूल्य निकाल्न ।** |
| **धेरै वस्तु पत्ता लगाउने सूत्र** | | **जम्मा मूल्य / वस्तुहरूको सङ्ख्या** |

## ६) यो हिसाब पनि गरौँ:

क) एक किलो पनिरको मूल्य रु ५०० भए १० किलो पनिरको मूल्य कति पर्छ ?

ख) एक किलो पेडाको मूल्य रु.२५० पर्छ भने २० किलो पेडाको मूल्य कति पर्छ ?

ग) एउटा भैँसीको मूल्य रु.२५००० पर्छ भने १६ ओटा भैँसीको मूल्य कति पर्छ ?

घ) वास्तविक सङ्ख्या = ४६ , जम्मा मूल्य = रु.२३०० भए एकाइ मूल्य पत्ता लगाउनुहोस् ।



ङ) वास्तविक सङ्ख्या = ४१५ , जम्मा मूल्य = रु.१०३७५ भए एकाइ मूल्य पत्ता लगाउनुहोस् ।

च) वास्तविक सङ्ख्या = ४१५ , एकाइ मूल्य = रु.३० भए जम्मा मूल्य पत्ता लगाउनुहोस् ।

छ) वास्तविक सङ्ख्या = ५६ , एकाइ मूल्य = रु.१३०० भए जम्मा मूल्य पत्ता लगाउनुहोस् ।

**ज) तालिका पूरा गर्नुहोस् ।**

| सामग्री | १० ओटाको वस्तुको मूल्य | एकाइ मूल्य | २ ओटा वस्तुको मूल्य | ६ ओटाको वस्तुको मूल्य | ८ ओटाको वस्तुको मूल्य |
|---|---|---|---|---|---|
| १. कापी  | | | | | रु.१६० |
| २. कलम  | | | रु.१० | | |
| ३. झोला  | | | | रु.३,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. ज्यामिति बक्स  | रु.१,००० | | | | |
| ५. जुत्ता  | रु.१०,००० | | | | |
| ६. बेल्ट  | | | रु.३५० | | |
| ७. कुचो  | | रु.८० | | | |
| ८. मार्कर  | | रु.४० | | | |

## ७. सही उत्तरमा गोलो घेरा लगाउनुहोस् :

१) वस्तुको एकाइ मूल्य × वस्तुको सङ्ख्या ....................... पत्ता लगाउने सूत्र हो ।

क. जम्मा मूल्य, ख. एकाइ मूल्य, ग. वस्तुको सङ्ख्या, घ. कुनै हैन

२) जम्मा मूल्य ÷ वस्तुहरूको सङ्ख्या ...............पत्ता लाग्छ ।

क. जम्मा मूल्य, ख. एकाइ मूल्य, ग. वस्तुको सङख्या घ. कुनै हैन

३) एकाइ मूल्य = रु.५, वस्तु सङ्ख्या = २० भए जम्मा मूल्य ............ हुन्छ ।

क. ४ ख. २५ ग. १२५ घ. कुनै हैन

४) जम्मा मूल्य = रु.१००० , वस्तु सङ्ख्या = ५० भए एकाइ मूल्य ............ हुन्छ ।
क. २०　　ख. १०५०　　ग. २००　　घ. कुनै हैन

## ५) खाली ठाउँ भर्नुहोस् :

क) वस्तुको एकाइ मूल्य × वस्तुको सङ्ख्या.....................को सूत्र हो ।

ख) जम्मा मूल्य ÷ वस्तुहरूको सङ्ख्या ............................... को सूत्र हो ।

ग) जम्मा मूल्य रु.१०० र वस्तु सङ्ख्या २० भए एकाइ मूल्य .............................. हुन्छ ।

घ) एकाइ मूल्य रु.१० र वस्तु सङ्ख्या ५ भए जम्मा मूल्य .............................. हुन्छ ।

## ६. ठिक भए (√) र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

क) जम्मा मूल्य ÷ वस्तुहरूको सङ्ख्याले एकाइ मूल्य पत्ता लाग्छ । ......................

ख) वस्तुको जम्मा मूल्य × वस्तुको सङ्ख्याले एकाइ मूल्य पत्ता लाग्छ । ......................

ग) जम्मा मूल्य रु.५० र वस्तु सङ्ख्या १० भए एकाइ मूल्य रु.५०० हुन्छ । ......................

घ) एकाइ मूल्य रु.५ र वस्तु सङ्ख्या १० भए जम्मा मूल्य रु.५० हुन्छ ।.........................

## ८) परियोजना कार्य

१) नजिकको स्टेसनरी , किराना पसल , पेट्रोल पम्प , होलसेल आदिमा गएर निम्न सामग्रीहरूको मूल्य बुझेर तालिका भर्नुहोस् ।

| सामग्री | वस्तु सङ्ख्या/मात्रा | एकाइ मूल्य | जम्मा मूल्य |
|---|---|---|---|
| तोरीको तेल  | १० लिटर | | |
| चिउरा  | २५ किलो | | |
| चाउचाउ   | १० बाक्सा | | |

| | | | |
|---|---|---|---|
| पेट्रोल  | २५ लिटर | | |
| टिर्सट  | ७ ओटा | | |
| पिउने पानीको बोतल  | ८ ओटा | | |
| फुटबल  | १५ ओटा | | |
| स्यानिटाइजर  | ८ बट्टा | | |
| ताल्चा  | ९ ओटा | | |
| भित्ते घडी  | १३ ओटा | | |
| रु.५० को रिचार्ज कार्ड   | १३७ ओटा | | |

kf7
२

# साधारण ब्याज

साधारण ब्याजको सामान्य प्रयोग मूलतः लेनदेनमा केही धितो राखेर सापटी लिने वा दिनेमा गरिन्छ। साथै साधारण ब्याजमा कुनै निश्चित समयका लागि सावाँमा निश्चित ब्याजदर लगाई सापटी लेनदेन हुन्छ। मुख्यतया यस प्रणाली बैङ्क जस्ता वित्तीय संस्थाहरूले प्रयोग गर्छन्।

**तलका प्रश्नहरूको बारेमा सोच्नुहोस् , र तपाईंले त्यसका बारेमा के बुझ्नुभयो ? खाली ठाउँमा लेख्नुहोस् :**

१. साधारण ब्याज भनेको के होला ?

२. साधारण ब्याज कसरी निर्धारण गरिन्छ ?

३. सावाँ, ब्याजदर, मिश्रधन भनेका के होला ?

४. तपाईंले वा कुनै साथीले ऋण दिएर वा लिएर कति दिनमा कति ब्याज पाए वा दिए ?

## शब्दावली : साधारण ब्याज, ब्याजदर, कर्जा, वित्तीय संस्था, सावाँ, समय

कुनै व्यक्ति अथवा वित्तीय संस्थासँग सापटी लिँदा लिइएको सापटीलाई सावाँ भनिन्छ । त्यस सापटी बापत हामीले केही ब्याज दिनुपर्छ । ब्याज प्रति सय रुपैयाँमा कति दिने भनेर सापटी दिने व्यक्ति अथवा वित्तीय संस्थाले निर्धारण गर्छ र त्यसलाई ब्याजदर भनिन्छ । सापटी  अवधिलाई समय भनिन्छ ।




उषाकला र आइतराजले गोठको निर्माण गर्दा भविष्यमा गाईको सङ्ख्या बढाउन सकिन्छ कि भन्ने सोचेर अलिक ठुलो गोठ निर्माण गरेका थिए । उनीहरूले गाई पालन व्यवसायबाट राम्रै आम्दानी गरेका कारण सल्लाह गरेर गाई थप्ने निर्णय गरे । उनीहरूको गोठमा ३० ओटासम्म गाई र तिनीहरूको बाच्छाबाच्छी अटाउन सक्छन् । अहिले तत्कालका लागि उनीहरूले १० ओटा गाई थप्ने सोच गरे । यसका लागि उनीहरूले केही पैसा बचाएर राखेका थिए तर बचाएको पैसाले १० ओटा गाई किन्न पुगेन । त्यसैले उनीहरूले सानाकिसान सहकारी संस्थाबाट ९% वार्षिक ब्याजदरमा रु ३,००,००० ऋण लिए । उनीहरूले मासिक रूपमा ऋणको साँवा पनि घटाउँदै लैजाने रणनीति बनाए । उनीहरूले मासिक रूपमा रु. २०,०००सावाँ तिर्दै जाने लक्ष्य बनाए र यही अनुरूप ऋणको सावाँ घटाउँदै लगे ।

त्यसो हो भने ऋण लिएको पहिलो महिनामा कति ब्याज बुझाउनुपर्ला त ? एक छिन सोचौँ है त । तपाईंले कापीमा पनि हिसाब गर्न सक्नुहुन्छ है ।

**हिसाब गरेर निकाल्नुभयो भने राम्रो । आएन भने पनि चिन्ता गर्नुपर्दैन है । हामी सँगसँगै हिसाब गरेर हेरौँ है त ।**

**तपाईंले निकालेको उत्तरलाई अब तल गरेको हिसाबसँग तुलना गरौं है ।**
**प्रक्रिया पनि तुलना गरौं ।**

यहाँ ऋण रु.३,००,००० छ र ऋणको वार्षिक ब्याजदर ९%  छ ।

ल अब हामी ब्याज निकालौं है त ।

ब्याज = ३,००,००० को ९ %

**(तपाईंलाई ३,००,००० को ९% निकाल्न आउँछ भने निकालेर हेर्नुहोस् है त । कति निस्क्यो ? अब तपाईंको उत्तर तलको हिसाबसँग दाँजौं ।)**

= ३,००,००० ×९ ÷१०० ( प्रतिशत भनेको सयकडा अथव ।प्रति १०० हो नि है )

= (३,००,००० ×९) ÷१००

= २७,००० ( ओ हो, ब्याज त धेरै पो आयो त है ।)

हो किनकि रु.२७,००० ब्याज भनेको त रु.३,००,००० को वर्षभरिको ब्याज हो ।

त्यसो हो भने अब एक महिनाका लागि कति ब्याज तिर्नुपर्ला त ?

**यदि तपाईंको उत्तर रु. २२५० हो भने सही हो । अब तपाईंको हिसाब तलको हिसाबसँग दाँजौं ।**

हो तपाईंले सही भन्नुभयो । हामीले एक महिनाका लागि ब्याज निकाल्न,

१२ महिनाको ब्याज जम्मा रु २७,०००

१ महिनाको ब्याज  रू २७,००० ÷१२ (हामीले माथि सिकिसकेका छौं कि थोरै महिनाको ब्याज थोरै हुन्छ, त्यसैले भाग गर्ने) = रु. २२५०

**हेर्नुहोस् त उषाकला र आइतराजले ९% वार्षिक ब्याजदरमा रु ३ लाख ऋण लिँदा पहिलो महिना रु. २२५० ब्याज तिर्नुपर्ने रहेछ ।**

**अब माथि भने अनुसार पहिलो महिनाको अन्त्यमा रु २०,००० सावा पनि तिर्छन् । अब एकछिन सोच्नुहोस् उनीहरूले पहिलो महिनामा जम्मा कति पैसा सानाकिसान सहकारीलाई तिर्छन् त ?**

**हो तपाईंले सही भन्नुभयो, उनीहरूले**

रु. २०,००० + रु २२५० = रु. २२,२५० तिर्छन् ।

अब हामी यसै गरी दोस्रो महिनाको अन्त्यमा ब्याज र जम्मा कति पैसा तिर्नुपर्छ निकालेर हेरौं है त ।

दोस्रो महिनाका लागि,

रु २०,००० ऋणको सावाँ तिरेपछि अब ऋण कति बाँकी छ त ?

हो तपाइँले सही भन्नुभयो । अब ऋण रु. २,८०,००० मात्र बाँकी छ । ( रु ३,००,००० मारु. २०,००० घटाउँदा रु २,८०,००० हुन्छ ।)

**अब ब्याज निकालौं है त ।**

ब्याज= रु २,८०,००० को ९ %

अब माथिको हेरेर तपाइँ आफै प्रयास गर्नुस् है त ....

त्यसै गरी दोस्रो महिना जम्मा कति पैसा तिर्नुपर्ने रहेछ, त्यो पनि निकाल्नुहोस् है त ।

ल अब त्यसैगरी तेस्रो महिनाको ब्याज र तिर्नुपर्ने जम्मा पैसा पनि निकालेर हेर्नुहोस् है त ।

तपाइँले पक्कै पनि निकाल्नुभयो होला । अब अर्को प्रश्नको उत्तर खोज्ने प्रयास गरौं है त ।

प्रत्येक महिना रु. २०,००० तिर्दै जाने हो भने उनीहरूले कति महिना पछि ऋण चुक्ता गरिसक्छन् होला ? मनमनै हिसाब गरेर निकाल्न कोसिस गर्नुहोस् त ।

## अब यस्तै अर्को एउटा प्रश्नको हल गरौँ है त ।

सम्झनाले भैंसीपालन गर्ने मनसायले कृषि विकास बैङ्कबाट ६% वार्षिक ब्याजदरमा रु ४,८०,००० ऋण लिइन् । उनले प्रत्येक महिना ऋणको साँवा पनि रु. १२,००० तिर्दै जाने निधो गरिन् भने ( प्रति किस्ता रु. १२,००० )

उनलेपहिलो महिना कति ब्याज तिर्नुपर्छ होला ?

पहिलो महिनामा उनले बैङ्कलाई जम्मा कति तिर्नुपर्छहोला ?

उनले दोस्रो महिना कति ब्याज तिर्नुपर्छहोला ?

दोस्रो महिनामा उनले जम्मा कति पैसा कृषि विकास बैंकलाई तिर्नुपर्छहोला ?

उनले तेस्रो महिना कति ब्याज तिर्नुपर्छहोला ?

तेस्रो महिनामा उनले जम्मा कति पैसा कृषि विकास बैङ्कलाई तिर्नुपर्छहोला ?

कुनै पनि बैङ्क, सहकारी, फाइनान्स, लघुवित्त सहकारीसाथै अन्य वित्तीय संस्थाबाट कुनै पनि पेसा व्यवसाय गर्नका निम्ति ऋण पाइन्छ । ऋण लिँदा हामीले ऋणको ब्याजदर सधैँ ख्याल गर्नुपर्छ ऋिणको ब्याजदर धेरै हुनु भनेको हामीले मासिक रूपमा तिर्नुपर्ने ब्याज धेरै हुनु हो त्यसैले भरसक विभिन्न वित्तीय संस्थाको ऋणको ब्याजदर तुलना गरी जुनबाट सस्तो ब्याजदरमा ऋण पाइन्छ, त्यही ठाउँबाट ऋण लिनु बुद्धिमानी हुन्छ ।

मानौँ आइतराजले सावाँ = रु. १०००० कुनै बैङ्कबाट १ वर्षका लागि ८ % प्रति वर्षको ब्याजदरले सापटी लिए भने,
अब हेरौँ आइतराजले १ वर्षपछि कति ब्याज दिनुपर्छ ?

अब हामी साधारण ब्याज कसरी पत्ता लगाउने भनेर हेरौँ ।

साधारण ब्याज निकाल्दा हामीले सबैभन्दा पहिला सावाँ, सापटीको समय अवधि र ब्याजदर थाहा पाउनुपर्छ । माथि आइतराजले रु १०००० सापटी ८% को दरले १ वर्षका लागि सापटी लिएका छन् । त्यसैले उनको

सावाँ = रु. १००००

समय = १ वर्ष

ब्याजदर = ८ %

साधारण ब्याज निकाल्न हामीले सामान्य तरिकाले सावाँ समय र ब्याजदरलाई गुणन गरी १०० ले भाग गर्दा साधारण ब्याज निस्कन्छ । र सावाँमा ब्याजलाई जोड्दा आउने रकम मिश्रधन हुन्छ ।

साधारण ब्याज = (सावाँ × समय × ब्याजदर) ÷ १००

मिश्रधन = सावाँ+ब्याज

**अब आइतराजले कति ब्याज तिर्नुपर्छ, हेरौं है त**

यहाँ हामीले सबैभन्दा पहिला सावाँ ब्याजदर र समयलाई गुणन गरेरे हेरौं है त
= १०००० × १ × ८= ८००००

अब हामीले साधारण ब्याज निकाल्न आएको गुणनफललाई १०० ले भाग गर्दा

साधारण = ८०००० ÷१००= ८००

अब हामीले थाहा पायौं कि १ वर्षमा आइतराजले रु ८०० ब्याज तिर्नुपऱ्यो ।

अब आइतराजले जम्मा सापटी फिर्ता गर्दा रु ८०००० + रु ८०० = रु ८८०० फिर्ता गर्नुपर्छ ।

**गाउँघरमा एक अर्काबाट ऋण लिँदा सयकडा १ वा सयकडा २ दरमा पैसा ब्याजमा लिने चलन छ । त्यो ब्याजदरलाई प्रतिशतमा लैजान के गर्नुपर्ला ?**

**सयकडा १ भनेको १ x १२ = १२ % वार्षिक ब्याजदर हो ।**

**त्यसै गरी, सयकडा २ भनेको २ x १२ = २४ % वार्षिक ब्याजदर हो ।**

**ख) सावाँ = रु. १२०० , समय = १ वर्ष ६ महिना , ब्याजदर = ५ % प्रति वर्ष भए साधारण ब्याज निकाल्नुहोस् ।**

ग) साधारण ब्याज = रु. २०० , समय = २ वर्ष , ब्याजदर = ७ % प्रति वर्ष भए सावाँ निकाल्नुहोस् ।

घ) सावाँ = रु. १२०० , ब्याज = रु. ५०० भए मिश्रधन निकाल्नुहोस् ।

ङ) मिश्रधन = रु. २५००० , सावाँ = रु. २०००० भए ब्याज निकाल्नुहोस् ।

च) सावाँ = रु. १४०० , समय = १ वर्ष , ब्याज = रु.४०० भए ब्याजदर निकाल्नुहोस् ।

३) आइतराजको दाइले घर बनाउनका लागि रु.१०,००,००० कर्जा ४ वर्षका लागि १०% ब्याजमा लिनुभयो भने ब्याजसहित कति रकम चुक्ता गर्नुपर्छ ?

४) श्यामले २ वर्षमा रु.२००० सावाँमा रु.१५०० थप गरेर बुझाए भने ब्याजदर कति रहेछ?

५) उषाकलाले ७% ब्याजदरमा २ वर्षपछि रु. ४००० ब्याज बुझाइन् भने जम्म कति रकम कर्जा लिएकी रहिछन् ?

७) ५% ब्याजदर लिएर ३ वर्षमा ब्याज रु.५५०० बुझेका हरिबहादुरले सावाँ कति दिएका थिए ?

## ख) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| साधारण ब्याज | | सावाँ + ब्याज |
| मिश्रधन | | (१०० × ब्याज) / (सावाँ × समय) |
| ब्याजदर | | (सावाँ× ब्याजदर × समय) / १०० |
| (१०० × ब्याज) / (सावाँ × ब्याजदर) | | सावाँ पत्ता लगाउने सूत्र |
| (१०० × ब्याज) / (समय × ब्याजदर) | | समय पत्ता लगाउने सूत्र |

**९) सही उत्तरमा गोलो घेरा लगाउनुहोस् :**

१) (१०० × ब्याज) / (समय × ब्याजदर) ...................... पत्ता लगाउने सूत्र हो ।

क. ब्याजदर, ख. मिश्रधन ग. सावाँ घ. कुनै हैन

२) ((१०० × ब्याज) / (सावाँ × ब्याजदर ) .............. पत्ता लाग्छ ।

क. ब्याजदर, ख. मिश्रधन ग. सावाँ घ. कुनै हैन

३) सावाँ+ ब्याज.............. पत्ता लगाउने सूत्र हो ।

क. मिश्रधन ख. सावाँ ग. ब्याजदर, घ. कुनै हैन

४) (सावाँ× ब्याजदर × समय) / १०० ...... को सूत्र हो ।

क. साधारण ब्याज ख. नाफा प्रतिशत ग. नोक्सान प्रतिशत घ. अन्य

**१०) खाली ठाउँ भर्नुहोस् :**

क) (सावाँ × ब्याजदर × समय) लाई ..................... ले भाग गरे साधारण ब्याज पत्ता लाग्छ ।

ख) (१०० × ब्याज) /(सावाँ × ब्याजदर ) ............................... को सूत्र हो ।

ग) मिश्रधन - ब्याज गर्दा .............................. पत्ता लाग्छ ।

घ) (१०० × ............... ) / (समय × ब्याजदर) गरे सावाँ पत्ता लाग्छ ।

**११) वाक्यहरू सही छन् कि छैनन्, लेख्नुहोस् :**

क) मिश्रधन - ब्याजले ब्याजदर पत्ता लाग्छ । .....................

ख) (सावाँ × ब्याजदर × समय) / १०० ले मिश्रधन पत्ता लाग्छ । .....................

ग) (सावाँ× ब्याजदर ) / (१०० × ब्याज) ले मिश्रधन पत्ता लाग्छ ।.....................

घ) (१०० × ब्याज) / (सावाँ × समय ) ले ब्याजदर पत्ता लाग्छ । .........................

## १२) परियोजना कार्य

१) आफ्नो नजिकका कुनै पाँच बैङ्क, सहकारी अन्य वित्तीय संस्था भ्रमण गरी वा फोन गरेर ती बैङ्कहरूले कुनै तीन शीर्षकमा (जस्तै घर किन्न, गाडी किन्न, व्यक्तिगत) दिने कर्जामा कति ब्याजदर र कसरी कर्जा दिन्छन् बुझेर निम्न कार्यहरू गर्नुहोस् ।

क) सावाँ १,००,००० भए प्रत्येक बैङ्कलाई प्रतिवर्ष कति ब्याज र मिश्रधन बुझाउनुपर्छ ? त्यसलाई तालिकामा भर्नुहोस् ।

| विवरण | बैङ्क, सहकारी अन्य वित्तीय संस्थाको विवरण | | | | |
|---|---|---|---|---|---|
| | क | ख | ग | घ | ङ |
| ब्याज | | | | | |
| मिश्रधन | | | | | |

ख) उक्त बैङ्कहरूले दिने ब्याजदरलाई स्तम्भचित्रमा देखाउनुहोस् ।

kf7 3

# नाफा र नोक्सान

मुद्राको प्रयोग वा चलनअघि मानिसहरूले आफ्नो कारोबार एकआपसमा सामानहरू साटेर गर्थे । यसलाई वस्तु विनिमय प्रणाली (Barter System) भनिन्छ । यसमा आफूलाई आवश्यक वस्तु वा सेवा लिनका लागि आफूले त्यसलाई आफ्नो कुनै वस्तु वा सेवासँग साट्नुपर्थ्यो । पछि मुद्राको प्रयोग हुन थालेपछि वस्तु विनिमय प्रणालीको प्रयोग लोप भएको छ । हाल हामीलाई केही वस्तु वा सेवा आवश्यक पर्दा पैसा प्रयोग गर्छौं । यसो गर्दा हामी नाफा र नोक्सानमा ध्यान राख्ने गर्दछौं । नाफालाई फाइदा र नोक्सानलाई घाटा भनेर पनि बुझ्न सकिन्छ ।

## खोज तथा साथीसागको छलफलका लागि केही प्रश्नहरू

**१. नाफा र नोक्सान भनेको के होला ?**
**२. नाफा र नोक्सान पत्ता लगाउने उपाय के होला ?**
**३. क्रय मूल्य र विक्रय मूल्य भनेको के होला ?**
**४. वास्तविक जीवनमा यसको प्रयोगलाई ध्यान दिनुभएको छ ?**

शब्दावली : क्रय मूल्य, विक्रय मूल्य, नाफा, नोक्सान, वस्तु विनिमय प्रणाली, मुद्रा

## ल अब फेरि एकपटक हामी उषाकला र आइतराजको गाई फर्मतिर फर्कौं है त ।

पछि उनीहरूले १० ओटा गाई थपेका थिए । यी गाई प्रत्येक रु. ४२,००० तिरेर ल्याएका थिए । १० ओटा गाईमध्ये २ ओटा गाईले ल्याएको १ महिनापछि दुध दिन छोडे । गाईले दुध दिन छोडेपछि अर्को १ वर्ष ब्याउन्जेल कुर्नुभन्दा उनीहरूले तीगाई बेच्ने निर्णय गरे । उनीहरूले थारो गाई एउटाको रु.३६, ००० लिएर बेचे भने उनीहरूलाई दुई ओटा गाईबाट कति नोक्सान भयो होला ?

एउटा गाईको किनेको मूल्य = रु. ४२,०००

एउटा गाईको बेचेको मूल्य = रु. ३६,०००

अब एउटा गाईमा भएको नोक्सान कसरी निकाल्ने होला त । हो तपाईंले सही भन्नुभन्यो । किनेको मूल्यमा बेचेको मूल्य घटायो भने नोक्सान आउँछ । त्यसैले,

नोक्सान = किनेको मूल्य - बेचेको मूल्य

= रु. ४२,००० - रु. ३६,०००

= रु. ६,०००

यसरी हेर्दा उनीहरूलाई एउटा गाईबाट रु. ६,००० पो नोक्सान भए छ है ।

अब २ ओटा गाईबाट कति नोक्सान भयो होला ? निकाल्नुहोस् है त ।

एउटागाईबाट भएको नोक्सान = रु. ६,००००

२ ओटा गाई बाट भएको नोक्सान = ..............................

**पक्कै पनि तपाईले सही उत्तर निकाल्नुभयो होला ।**

**अब एक छिन् सोचौं है त । १२,००० त धेरै नै नोक्सान हो । होइन र ? यति धेरै नोक्सान हुन नदिन उषाकला र आइतराजले गाई किन्दा के कुरामा ध्यान पुऱ्याउनुपर्थ्यो होला ? यसका बारेमा छिमेकमा कोही गाई पालेर बस्नुभएको छ भने छलफल गर्नुहोस् है त । अनि छलफलबाट के कुरा आयो, हामीलाई पनि सुनाउनुहोस् है ।**

**अब अर्को एउटा प्रश्नको बारे सोचौं है त ।**

उनीहरूलाई २ ओटा गाईबाट रु, ६०,००० नोक्सान भयो भन्दैमा समग्र गाई पालनबाट नोक्सान भयो भन्न मिल्छ ?

**हो अवश्य पनि मिल्दैन तर के कति नाफा वानोक्सान भएको छ त्यसको पनि त हिसाब राख्नुपऱ्यो नि । होइन त ?**

१ महिनामा उषाकला र आइतराजको फर्ममा एउटा गाईका निम्ति सरदररूपमा तल दिएअनुरूप खर्च हुन्छ ।

दाना= रु. १,०००

औषधि उपचार = रु. ३००

पराल/घाँस= रु. ६००

नुन= रु.१००

**अब जम्मा खर्च निकालौँ है त । जम्मा खर्च निकाल्न सबै शीर्षकको पैसा जोड्नुपर्‍यो । ल जोडेर हेर्नुहोस् त । कति आयो ?**

हो, जोड्दा रु २,००० आयो । त्यसो भए एउटा गाईका लागि एक महिनामा जम्मा खर्च रु. २,००० हुने रहेछ ।

## अब हामी दुधबाट हुने आम्दामी निकालौँ है त ।

उनीहरूले एउटा गाईको बिहान र बेलुका ४ - ४ लि. दुध बेच्छन् । एक लि. दुधको मूल्य रु ५० छ ।

अब बिहानको ४ लि. दुधको मूल्य कति पर्ला ?

१ लि. दुध को मूल्य = रु. ५०

४ लि. दुध को मूल्य = ..............................

**हो, तपाईले सही उत्तर निकाल्नुभयो । ४ लि. दुध को मूल्य रु . २०० हुन्छ ।**

त्यसो भए एक दिनमा बिहान र बेलुकाको एउटा गाईको दुधबाट रु २००× २ अथवा रू ४०० आम्दानी हुने रहेछ । त्यसो भए १ महिनामा कति आम्दानी हुन्छ होला ?

एउटा गाईको १ दिनको आम्दानी= रु. ४००

एउटा गाईको ३० दिनको आम्दानी = .............................. ( एक महिनामा ३० दिन हुने भएकाले)

उषाकलाले बाँकी दुधबाट दही, पनिर र घ्यु बनाएर बेच्छिन् यसबाट पनि आम्दानी हुन्छ । एउटा गाईको दुधबाट दही, पनिर वा घ्यु बेचेर दैनिक सरदर रु. २५०आम्दानी हुन्छ । एक महिनामा कति होला त ? सोचेर निकाल्न सक्नुहुन्छ ? सकिन्न भने कापीमा हिसाब गरेर निकाल्नुहोस् है त ।

१ दिनमा दही, पनिर वा घ्यु बेचेर रु. २५० आम्दानी हुन्छ ।

३० दिनमा दही, पनिर वा घ्यु बेचेर ..................................आम्दानी हुन्छ ।

अब एउटा गाईको बिहानको दुध र साँझको दुधबाट बनेको दही, पनिर र घ्यु बेचेर जम्मा कति आम्दानी हुन्छ ? त्यो निकालौँ है त ।

जम्मा आम्दानी = बिहान र बेलुकाको दुध बेचेर आएको आम्दानी + बाँकी दुधबाट बनेको दही, पनिर वा घ्यु बेचेर भएको आम्दानी

= ..............................................

= ................................................

जम्मा खर्च = रु. २०००

**अब खर्च र आम्दानी तुलना गर्दा कुन धेरै छ त ?**

**हो, तपाईंले सही भन्नुभयो । आम्दानी बढी छ ।**

आम्दानी बढी भयो भने नाफा हुन्छ कि नोक्सान हुन्छ त ?

अब तपाइँ आफैं नाफा वा नोक्सान के भयो भन्नुहोस् र कति नाफा वा नोक्सान हुँदो रहेछ । त्यो पनि निकाल्नुहोस् है त ।

यसरी हामीले एउटा गाईको १ दिनको नाफा निकाल्यौं । अब एक महिनामा कति नाफा हुने रहेछ त ? त्यो पनि निकालेर हेरौं है त ।

एउटा गाईको १ दिनको नाफा = .........................................

एउटा गाईको ३० दिनको नाफा = ....................................... (एक महिनामा ३० दिन हुने भएकाले)

अब तपाइँ एउटा गाईबाट १ वर्षमा हुने नाफा निकाल्न सक्नुहुन्छ त ? सक्नुहुन्छ भने निकालेर हेर्नुहोस् है ।

एउटा गाईको १ महिनाको नाफा = ....................................

एउटा गाईको १२ महिनाको नाफा = ................................ ( एक वर्षमा १२ महिना हुने भएकाले)

उषाकला र आइतराजको गाई फर्ममा अहिले २३ ओटा गाई छन् ? २३ ओटा गाईबाट १ वर्षमा कति नाफा हुन्छ निकाल्न प्रयास गर्नुहोस् है त ।

एउटा गाईको १ वर्षको नाफा = ...............................................

२३ वटा गाईको १ वर्षको नाफा = ...........................................

हामीले गाईले दिएको दुधको आधारमा उषाकला र आइतराजको गाई फर्मबाट हुने एक वर्षको नाफा निकाल्यौँ ।

एक छिन सोचौँ है त ........के उनीहरूले गाई फर्मबाट यति मात्र नाफा गर्छन् त ?

**हो, तपाईँले सही विचार गर्नुभयो । गाईको बाच्छाबाच्छी पनि त छन्, त्यो बेचेर पनि आम्दानी गर्न सकिन्छ । त्यस्तै गोठबाट गाईको गोबर आउँछ । यसलाई खेतमा मलका रूपमा प्रयोग गर्न सकिन्छ । गाईको मुत्रबाट बालीमा लाग्ने विभिन्न किरा फट्यङ्ग्राबाट बालीलाई जोगाउन जैविक विषादीका रूपमा प्रयोग गर्न सकिन्छ ।**

**त्यस्तै तपाईँलाई थाहा छ, गाईको गोबरबाट हामी गोबर ग्याँस पनि निकाल्न सक्छौँ नि तर यसका लागि गोबर ग्याँस प्लान्ट चाहिन्छ । यसरी प्लान्टबाट निकालेको ग्याँस खाना पकाउन र बत्ती बाल्नका लागि पनि प्रयोग गर्न सकिन्छ है ।**

गाई पालनको फाइदा देखाउने चित्र

## ल अब हामी एउटा प्रश्नको हल गरौँ है त ।

मनकुमारले आफ्नो गोठमा १० ओटा उन्नत जातका गाई पालेका छन् । प्रत्येक गाईले बिहान ५ लि. र साँझ ५ लि. दुधदिन्छन् । बिहानको दुध उनी नजिकैको डेरीमा लगेर प्रति लि. रु. ४८ को दरले बेच्छन् । साँझको दुधको दही बनाएर बेच्छन् । एउटा गाईको साँझको दुधबाटकरिब ४ लि. दही बन्छ भने, एउटा गाईबाट

**मनकुमारले एक दिनमा दुधबाट कति आम्दानी गर्ने रहेछन् त ?**

**मनकुमारले एक महिनामा दुधबाट कति आम्दानी गर्ने रहेछन् त ?**

**दहिको मूल्य १ लि. को रु. ८० पर्छ भने मनकुमारले एक दिनमा दहीबाट कति आम्दानी गर्ने रहेछन् त ?**

**मनकुमारले एक दिनमा दहीबाट कति आम्दानी गर्ने रहेछन् त ?**

**एक महिनामा दुध र दहीबाट जम्मा कति आम्दानी हुने रहेछ त ?**

**अब एक महिनामा एउटा गाईलाई तल दिएअनुरूप खर्छ हुन्छ भने एउटा गाईबाट एक महिनामा कति नाफा होला त, कापीमा हिसाब गरेर निकाल्नुहोस् है त ।**

दाना= रु. १०००

औषधि उपचार = रु. २५०

पराल/घाँस= रु. ७००

नुन= रु.१००

र अन्त्यमा १ महिनामा दुध र दहीको विक्रीबाट १० ओटा गई बाट कति नाफा वा नोक्सान हुने रहेछ, त्यो पनि निकाल्नुहोस् है त ।

## निम्न क्रियाकलाप पनि गरौं ।

**१) जोडीमा गरिने कार्य :**

*(Note: please include an illustration of the activity)*

१० ओटा सामानहरू तयार गर्नुहोस् । सुरुवातमा ती वस्तुहरूका क्रय र विक्रय मूल्यहरू आफैँले तोक्नुहोस् र कुनै साथीलाई बेचेको जस्तो गर्नुहोस् । ५ ओटा सामानहरू नोक्सान र बाँकी सामानहरू नाफा हुनेगरी बेच्नुहोस् । अन्त्यमा निम्न कुराहरूमा छलफल गर्नुहोस् :

**क) सामानहरूका क्रय मूल्य र विक्रय मूल्य कति हुन् ?**
**ख) कति नाफा वा नोक्सान रह्यो ?**
**ग) नाफा वा नोक्सान हुनुका कारणहरू के हुन् ?**
**घ) नाफा र नोक्सान कति भयो भनेर पत्ता लगाउने तरिकाका बारेमा छलफल गर्नुहोस् ।**

## ख) जोडा मिलाउनुहोस ।

| | | |
|---|---|---|
| विक्रय मूल्य >क्रय मूल्य | | बेच्ने मूल्य |
| विक्रय मूल्य | | नोक्सान |
| विक्रय मूल्य <क्रय मूल्य | | नाफा |
| क.मू. | | विक्रय मूल्य -क्रय मूल्य |
| नाफा निकाल्ने सूत्र | | क्रय मूल्य - विक्रय मूल्य |
| नोक्सान निकाल्ने सूत्र | | क्रय मूल्य |

## १३) हिसाब गरौं ।

**१) नाफा वा नोकसान पत्ता लगाउनुहोस् ।**

क) क्र.मू. = रु. ८७ , वि.मू. = रु. १९८

ख) क्र.मू. = रु. २० , वि.मू. = रु. ८

ग) क्र.मू. = रु. १२५ , वि.मू. = रु. १५५

**२) क्र.मू. वा वि.मू. पत्ता लगाउनुहोस् :**

क) नाफा रु.१५ , क्र.मू. रु. १११

ख) नाफा रु.२८७ , वि.मू. रु. ५७

ग) नोक्सान रु.७८९ , क्र.मू. रु. १९८२

**३) आइतराजको दाइले विदेशबाट त्यता रु.२३५०० पर्ने एउटा फोन पठाउनुभएछ। उनले त्यो फोन उसको साथीको काकालाई आफूलाई रु. ५५०० नाफा हुनेगरी बेच्दा उनले कतिमा सो फोन बेचेका रहेछन्, पत्ता लगाउनुहोस्।**

**४) उषाकलाले आफ्नो फार्ममा रु ३५० पर्ने १२ किलो पनिर राखेकी रहिछन्। म्याद सिकिन लाग्दापनि विक्री नभएकाले उनलाई साह्रै चिन्ता लागेर रु.२०० का दरले सबै पनिरहरू विक्री गर्ने सोच बनाइन् भने :**

क) उनलाई त्यसमा नाफा हुन्छ कि नोक्सान ?

ख) सबै पनिर बेच्दा कति नाफा वा नोक्सान हुन्छ ?

**५) आइतराजको फार्ममा विक्री बढेपछि उनले अरू किसानहरूबाट पनि दुध किनेर बेच्न सुरु गरेछन् । एक लिटर दुध रु. ४८ मा किनेर रु ५० मा बेच्दा, दैनिक २०० लिटर दुध किनेर बेच्दा जम्मा कति नाफा वा नोक्सान भयो ?**

**६) सरोजले उषाकलाको गाई फार्मबाट २० किलो दही किनेर ल्याएछ । उसले प्रति किलो रु.११० मा किनेको रहेछ भने ,**

क) प्रति किलो रु.१२८ मा बेच्दा कति नाफा कमाउँछ ?

ख) प्रति किलो रु.११८ मा सबै बेच्दा जम्मा कति नाफा कमाउँछ ?

**७) छोटो प्रश्न**

**सही उत्तरलाई गोलो लगाउनुहोस् :**

१) क्र.मू. भनेको ...................... हो ।

क.क्रम  ख.क्रय मूल्य  ग.विक्रय मूल्य  घ. कुनै हैन

२) वि.मू. भन्दा क्र.मू. बढी हुँदा ............... हुन्छ ।

क. नाफा  ख. नोक्सान  ग. बराबर  घ. कुनै हैन

३) क्र.मू. - वि.मू. .............. पत्ता लगाउने सूत्र हो ।

क. नाफा  ख. नोक्सान  ग. बराबर  घ. कुनै हैन

४) क्र.मू. रु.५ र नाफा रु. ३ हुन वि.मू. रु ...... हुनुपर्छ ।

क. २  ख. ८  ग. ३  घ. कुनै हैन

**५) खाली ठाउँ भर्नुहोस् ।**

क) क्र.मू. रु.१० र वि.मू. २० भए नाफा/नोक्सान ...................... भयो ।

ख) नोक्सान रु.१०० र वि.मू. २५० भए क्र.मू. रु ......... हुन्छ ।

ग) क्र.मू.-वि.मू. गर्दा ............................... पत्ता लाग्छ ।

**६) वाक्यहरू सही वा गलत लेख्नुहोस् ।**

क) विक्रय मूल्य भनेको किनेको मूल्य हो । ......................

ख) नाफा हुन क्रय मूल्य धेरै हुनुपर्छ । ......................

ग) नोक्सान पत्ता लगाउन क्रय मूल्यबाट विक्रय मूल्य घटाउनुपर्छ । ......................

तह

३

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन जगत र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

# जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री